स्थानीय सरकार
अपिहिमाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी,दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

पत्र संख्या २०८०-०८१
सूचना नं. 02 (प्रशासन शाखा)

# अपिहिमाल गाउँपालिका, खण्डेश्वरी, दार्चुलाको सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६क बमोजिमको मौजुदा सूची सम्बन्धी सूचना !!!

(प्रकाशित मिति : २०८०।०४।०१)

यस गाउँपालिकामा आर्थिक वर्ष २०८०/०८१ मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० को उपदफा (६), दफा ४१ को उपदफा (१) को खण्ड (क) र दफा ४६ बमोजिम गरिने खरिद कार्यका लागि सोही ऐनको दफा ६क र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम मौजुदा सूची (standing list) तयार गर्न देहाय अनुसारका विभिन्न प्रकृतिका वस्तु र सेवाको आपूर्ति गर्न चाहने आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकहरूलाई सार्वजनिक खरिद नियमावलीको अनुसूची-२क बमोजिमको ढाँचामा तपसिलमा उल्लिखित कागजात सहित गाउँपालिकाको कार्यालयमा निवेदन दर्ता गराउन हुन अनुरोध छ । एक भन्दा बढी प्रकृतिका वस्तु वा सेवाको आपूर्ति गर्ने भएमा विषयगत रूपमा छुट्टाछुट्टै निवेदन दिनु पर्नेछ । रीत नपुगेका वा आवश्यक कागजात संलग्न नगरिएका निवेदनलाई मान्यता दिइने छैन । प्राप्त भएका निवेदनहरू मौजुदा सूचीमा सूचीकृत गर्ने वा नगर्ने अधिकार गाउँपालिकाको कार्यालयमा सुरक्षित हुनेछ ।

(क) <u>खरिद तथा आपूर्ति</u>

१. मसलन्द तथा कार्यालय सामानहरू,

२. कम्प्युटर, प्रिन्टर, फोटोकपी, इलेक्ट्रोनिक सामान/पार्टपूर्जा/ टोनर/मसी,

३. इलेक्टिकल समानहरू,

४. छपाई सम्बन्धी कार्य,

५. पुस्तक,

ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत

६. फर्निचर तथा फर्निसिङ्ग,

७. विज्ञापन/सूचना प्रकाशन,

८. सवारी साधन भाडामा उपलब्ध गराउने,

९. औषधि खरिद/मेडिकल समानहरू,

१०. कृषिजन्य औजार, उपकरणहरू तथा औषधिहरू,

११. कृषिजन्य विऊ विजन तथा वोट विरूवाहरू,

१२. पशु, चौपाया तथा नश्ल सुधार,

१३. भेटेनरीजन्य औषधि तथा उपकरणहरू,

१४. लघु उद्यम सम्बन्धी उपकरण,

१५. इन्जिनियरिङ उपकरण तथा औजारहरू ।

(ख) <u>मर्मत</u>

१. कम्प्युटर, फोटोकपी, जेनेरेटर लगायत इलेक्ट्रोनिकल सामानहरू,

२. दराज, कुर्सी, टेवल एवं फर्निचर सम्बन्धी सामानहरू,

३. सोलार, सोलार व्याट्रि, ईन्भटर ।

(ग) <u>सेवा र परामर्श तर्फ</u>

१. तालिम,

२. डिपिआर निर्माण,

३. वातावरणीय अध्ययन,

४. अध्ययन, अनुसन्धान,

५. पर्यटकीय इन्जिनियरिङ, म्यापिङ्ग तथा नक्सांकन,

६. अन्य परामर्श सेवाहरू ।

<u>निवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरू</u>:

१. फर्म वा संस्था दर्ता र नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि,

२. स्थायी लेखा नम्बर प्रमाणपत्रको छायाँप्रति,

३. मू.अ.कर दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

४. आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

५. व्यवसायिक इजाजत पत्रको प्रतिलिपि,

६. प्रचलित कानुनी व्यवस्था बमोजिम अयोग्य नरहेको वा कालो सूचीमा नपरेको व्यहोरा खुलाइएको निवेदन ।

<u>बोधार्थ</u>

श्री अध्यक्षज्यूको सचिवालय, अपिहिमाल गाउँपालिका, खण्डेश्वरी, दार्चुला ।

श्री सूचना प्रविधि शाखा, सूचना वेवसाईट, फेसबुक पेजमा अपलोडमा गरिदिन हुन ।

इन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत